आज मिति २०८० साल भाद्र ०७ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

### उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत २०८०/५/७

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/५/७ अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. औषधी खरीदको वोलमत्र आह्वान सम्वन्धमा
२. कम्प्यूटर,प्रिन्टर र प्रोजेक्टर खरीदको वोलपत्र आह्वान सम्वन्धमा
३. मेशिनरी तथा औजार मर्मत सम्भारको लागि सूचना प्रकाशन सम्वन्धमा
४. पेट्रोल र डिजल खरीदको सम्झौता नविकरण सम्वन्धमा
५. आधारभूत अस्पतालको लागि स्वीकृत दरवन्दी वमोजिमको करार कर्मचारी माग सम्वन्धमा
६. आधारभूत अस्पताल भवन सम्वन्धमा
७. कानूनी परामर्श सेवा छनौटको कार्यविवरण स्वीकृत सम्वन्धमा
८. योजना किताव र उपभोक्तासंग सम्वन्धीत डकुमेन्टहरु छपाई सम्वन्धमा
९. साझा सुविधा केन्द्र भवन निर्माण सम्वन्धमा
१०. गाउँपालिकाको यातायात पार्किङ्गो लागि ट्रष्ट निर्माण सम्वन्धमा
११. अतिथि कोठा(Guest Room) व्यवस्थापन सम्वन्धमा
१२. पुरानो सामुदायिक भवन व्यवस्थापन सम्वन्धमा
१३. मृत्यु दर्ताको नाम कट्टा गर्ने सम्वन्धमा
१४. सवारी चालकहरुको फिल्ड भत्ता सम्वन्धमा
१५. एम्बुलेन्स सञ्चालन कार्यविधि तयारी सम्वन्धमा
१६. कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी तोक्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव १ माथि छलफल भई स्वास्थ्य तर्फको शसर्त अनुदानको औषधी खरीद शिर्षकको रकम रु.१०९२०००। र गाउँपालिकाको अल्या अन्तर्गत औषधी खरीद शिर्षकको रु.३०८०००। गरी जम्मा रु.१४०००००। (अक्षेरुपी चौधलाख मात्र) को इ-टेण्डर आह्वान आह्वान गर्ने साथै हाल स्वास्थ्य संस्थाहरुमा औषधीहरुको अभाव देखिएकोले अल्या अन्तर्गत औषधी खरीद शिर्षकको रु.१९२०००।(अक्षेरुपी एकलाख वयानव्वे हजार) को कोटेशनको आधारमा औषधी खरीद गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव २ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को स्वास्थ्य शसर्त तर्फ कार्यपालिकाको निर्णय वमोजिमको रु. १८०००००। ,नेपाल सरकार वितिय समानीकरण तर्फ वडा नं ५ को कम्प्यूटर तथा प्रिन्टर खरीद शिर्षकको रु. १५००००।, वडा नं ३ को प्रिन्टर र प्रोजेकटर खरीद शिर्षकको रु.२०००००। र वडा नं ९ को वडा कार्यालय व्यवस्थापन तर्फ रु.५००००। को कम्प्यूटर,प्रिन्टर र प्रोजेक्टर खरीदको लागि खरीद समितिद्वारा तयारी गरिएको लागत अनुमान स्वीकृत गरी २० सेट ल्यापटप,२० सेट कलर प्रिन्टर र ४ सेट प्रोजेक्टर खरीदको लागि जम्मा रु.२२०००००।( अक्षेरुपी वाइसलाख मात्र) को इ-टेण्डर आह्वान गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव ३ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकार राजश्व अनुदान शिर्षिकको मेशिनरी तथा औजार मर्मत सम्भार शिर्षकवाट गाउँपलिकाको शाखाहरु,विषयगत शाखाहरु,वडा कार्यालयहरु र वडाका स्वास्थ्य संसस्थाहरुको मेशिनरी तथा औजार मर्मतको लागि सेवा प्रदायक संस्था छनौटको लागि सूचना प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/5/6

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

2080/5/6
अशोक राई
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव ४ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यालयमा रहेको जेनेरेटर,ल्याण्ड क्रुजर, व्याकहोलोडर,एम्बुलेन्स र ट्र्याक्टर सञ्चालन गर्नको लागि आवश्यक डिजल र गाउँपालिकाको शाखाहरुमा रहेको मोटरसाइकल, वडाहरुमा रहेको मोटरसाइकल र स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने पेट्रोलको आपूर्तिको लागि रंगलक्ष्मी सप्लायर्स,वेलका-९ ,उदयपुरसंग गत आर्थिक वर्षदेखि सम्झौता गरी खरीद गरिरहेकोमा यस आर्थिक वर्षमा पनि सोहि वमोजिम हुने गरी सम्झौता नविकरण गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव ५ माथि छलफल भई आधारभूत अस्पताल सञ्चालनको लागि स्वीकृत दरवन्दी मध्ये यस आ.व.मा तपशिलको करार कर्मचारीहरु आमचोक गाउँपालिकाको करार सेवामा कर्मचारी छनौट सम्वन्धि कार्यविधि वमोजिम छनौट गर्ने ।

क)मेडिकल अधिकृत (आठौं तह)-१ जना

ख) स्टाफ नर्स (पाँचौ तह)-२ जना

ग) ल्याव टेक्निसियन (पाँचौ तह)-१ जना

घ) कार्यालय सहयोगी (श्रेणी विहिन)-१ जना

**निर्णय नं.६**

प्रस्ताव ६ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ देखि आधारभूत अस्पताल सञ्चालन गर्नको लागि गाउँपालिकाको स्वामित्वमा रहेको इ-लाइब्रेरी भवनको प्रयोग गर्ने । साथै दुइवटा विशेष किसिमको एक्से कोठा आवश्यक हुने भएकोले आधारभूत अस्पताल व्यवस्थापन शिर्षकवाट सोहि स्थानमा निर्माण गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव ७ माथि छलफल भई आमचोक गाउँपालिकाको लागि आर्थिक वर्ष २०८०/८१ को लागि कानुनी परामर्श सेवा लिनको लागि खरीद समितद्वारा तयारी गरिएको कानूनी परामर्श सेवा छनौटको कार्यविवरण (TOR) स्वीकृत गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव ८ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को योजना किताव र उपभोक्तासंग सम्वन्धीत तपशिल वमोजिमको डकुमेन्टहरु छपाई गर्ने ।

| क्र.सं. | सामानको नाम | स्पेसिफिकेशन | माग गरिएको | |
|---|---|---|---|---|
| | | | एकाई | परिणाम |
| १ | योजना किताव २०८०/८१ (रेडवुक) | A4 साइज ८० ग्राम पेपर,कलर कभर २५० ग्राम पेपर,प्लाष्टिक कोटेड,१०४ पेज | गोटा | ६०० |
| २ | योजना खाता आमचोक डवल | A4 साइज ८० ग्राम पेपर,कलर कभर २५० ग्राम पेपर,४० पेज | गोटा | १००० |
| ३ | उपभोक्ता समिति दर्ता प्रमाण पत्र | A4 कलर २०० ग्राम पेपर | गोटा | १००० |
| ४ | योजना दर्ता किताव | A4 पेपर ८० ग्राम र कुट वाइन्डिङ (२५० डवल पेज) | गोटा | ३ |
| ५ | सम्झौता टिप्पणी | A4 कलर नेपाली कागज १ पेज | पेज | १००० |
| ६ | वैकलाई खाता खोल्ने सिफारिस पत्र | A4 पेपर ८० ग्राम पेपर १ पेज कलर | पेज | १००० |
| ७ | निकासा टिप्पणी | A4 कलर नेपाली कागज १ पेज कलर | पेज | १००० |
| ८ | डोर हाजिरी | A4 साइज ८० ग्राम पेपर १ पेज (५० सिट) | सेट | ३०० |

**निर्णय नं.९**

प्रस्ताव ९ माथि छलफल भई गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत शसर्त वजेटको साझा सुविधा केन्द्र भवन निर्माण शिर्षको रु.५०००००। र गाउँपालिका अल्पा विविध शिर्षकवाट रु.५०००००। गरी जम्मा रु.१००००००।(अक्षेरुपी दशलाख मात्र) को आमचोक गाउँपालिका वडा नं ५ पावलामा साझा सुविधा केन्द्र भवन निर्माण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/5/26

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

2080/5/6

अशोक राई अध्यक्ष

---

**निर्णय नं.१०**

प्रस्ताव १० माथि छलफल भई गाउँपालिकाको ल्याण्ड क्रुजर, एम्वुलेन्स र MAHINDRA SCORPIO PICK UP पार्किङ्गो लागि गाउपालिकाको अल्या विविध शिर्षकवाट वढीमा एक/एक लाख खर्च हुने गरी नया सामुदायिक भवन नजिक अमानतमा तीनवटा ट्रष्ट निर्माण गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव ११ माथि छलफल भई गाउपालिकाको नया सामुदायिक भवनमा अल्या विविध शिर्षकवाट वढिमा रु.१५००००। (अक्षेरुपी एकलाख पचासहजार) खर्च हुने गरी अतिथि कोठा(Guest Room) को व्यवस्थापन गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव १२ माथि छलफल भई कार्यपालिकाको वैठक कक्ष र तालिम हलको प्रयोग हुने गरी अल्या विवध शिर्षकवाट लागत अनुमान वमोजिम वढिमा रु.५०००००।( अक्षेरुपी पाँचलाख मात्र) खर्च हुने गरी पुरानो सामुदायिक भवनलाई व्यवस्थापन गर्ने ।

**निर्णय नं.१३**

प्रस्ताव १३ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं १ निवासी स्वर्गीय निमा शेर्पाको काठमाण्डौ महानगरपालिका वडा नं. ६ मा वसाईसराई भई गएको र स्वर्गीय निमा शेर्पाको काठमाण्डौ महानगरपालिका वडा नं ६ वाट मृत्य दर्ता हुनु पर्नेमा सूचकको गलत सूचनाको आधारमा आमचोक गाउँपालिका वडा नं १ मा निजको दर्ता नं २०२९६२७०००३२३-२ मृत्य दर्ता भएकोले राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा २४ मा व्यवस्था भए वमोजिम भुटा विवरण पेश गरी लिएको उक्त मृत्यु दर्ता प्रमाण पत्र सिस्टमवाट हटाउनको लागि जिल्ला प्रशासन कार्यालय भोजपुरलाई सिफारिस गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव १४ माथि छलफल भई तपशिल वमोजिमको ल्यान्डक्रुजर चालक, एम्वुलेन्स चालक र ट्र्याक्टर चालकहरुलाई गाउँपालिका क्षेत्रभित्र वा गाउपालिका क्षेत्र वाहिर काम्मा खटिएको अवस्थामा दैनिक भ्रमण भत्ताको सट्टा मासिक फिल्ड भत्ता वापत प्रति महिना प्रति व्यक्ति रु.७०००।(अक्षेरुपी सातहजार मात्र) उपलव्ध गराउने ।

- क) ल्याण्डक्रुजर चालक श्री आसिम राई
- ख) एम्वुलेन्स चालक श्री गंगा वहादुर कार्की
- ग) ट्र्याक्टर चालक श्री अर्जुन सुवेदी

**निर्णय नं.१५**

प्रस्ताव १५ माथि छलफल भई आमचोक गाउँपालिकाको एम्वुलेन्स सञ्चालन गर्नको लागि एम्वुलेन्स सञ्चालन कार्यविधि २०८० तयारी गर्नको लागि स्वास्थ्य शाखा प्रमुख महिनारायण चौधारीलाई जिम्मेवारी दिने ।

**निर्णय नं.१६**

प्रस्ताव १६ माथि छलफल भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को उपदफा ४ (ग) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको र सो सम्वन्धी वुदां नं ६ मा सात दिनभन्दा वढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्वन्धी कार्य गर्न सम्वन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने व्यवस्था भए वमोजिम आमचोक गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष श्री वम वहादुर वस्नेत असार देश्रो सातादेखि वडा कार्यालयमा उपस्थित मभएको र जिम्मेवारी पनि नदिएकोले वडाको काममा वाधा पर्न गएकोले वडा अध्यक्ष उपस्थित नभए सम्मको लागि सो वडाका जेष्ठ वडा सदस्य श्री वृखमाया वस्नेतलाई कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी तोक्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/५/१६

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलंबा, भोजपुर

०८०/५/१६
अशोक राई
अध्यक्ष